# साझेदारीमा पशु वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**प्रस्तावना**

स्वच्छ, स्वस्थ, गुणस्तरीय एवम् प्रशोधित मासु तथा मासुजन्य पदार्थहरू आम उपभोक्ता समक्ष सहज उपलब्धताका लागि स्थानीय तह/जिल्ला/प्रदेश स्तरबाट सञ्चालन हुने पशु वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रमलाई निश्चित प्रक्रिया अनुसार व्यवस्थित रूपमा सञ्चालन गरी वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न गण्डकी प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १

**१.संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम "साझेदारीमा पशु वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५" रहेको छ।

१.२ यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यालय" भन्नाले पशु वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम सञ्चालनको अख्तियारी प्राप्त पशुपन्छी विकास तथा मत्स्य निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्थानीय तहको पशु सेवा शाखाहरू समेत सम्झनु पर्नेछ।

ख) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्नेछ।

ग) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्नेछ।

घ) "सहकार्य "भन्नाले साझेदारीमा सञ्चालन हुने वधशाला निर्माण वा सुधार वा दुवैको लागत सहभागिताका लागि इच्छुक स्थानीय तह/ सहकारी सङ्घ/ संस्था /निजी क्षेत्र समेतलाई जनाउँदछ।

ङ) "साझेदारी" भन्नाले सहकार्यमा वधशाला सुधार कार्यक्रम सञ्चालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरू, सहकारी वा विधिवत दर्ता भएको व्यवसायी, सामुदायिक संस्था एवम् निजी उद्यमी बीच द्विपक्षीय वा वहुपक्षीय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ।

च) "द्विपक्षीय वा बहुपक्षीय सम्झौता पत्र" भन्नाले कार्यालय र साझेदारहरूका बीच सहकार्यमा वधशाला सुधार कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ।

छ) "पशु" यस कार्यविधिमा मासु उत्पादनका लागि पालिने सबै प्रकारका घरपालुवा जनावर सम्झनु पर्छ। सो शब्दले पन्छी र माछा समेतलाई जनाउँछ।

ज) "पशु वधशाला/वधस्थल" भन्नाले पशु वधशाला तथा मासु जाँच ऐन,२०५५ तथा नियमावली,२०५७ र पशु वधशाला तथा मासु जाँच प्राविधिक निर्देशिका,२०६४ मा परिभाषित गरिए बमोजिम पशु वध गर्ने संरचना/स्थानलाई सम्झनु पर्दछ।

झ) "प्रस्ताव" भन्नाले सहकार्यमा वधशाला सुधार कार्यक्रम सञ्चालनको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण बुझ्नु पर्छ।

ञ) "वधशाला निर्माण" भन्नाले नयाँ वधशाला निर्माण र सुधार समेत जनाउँछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव १

ट) "अनुपयुक्त पशु" भन्नाले नवजात र कम उमेरका पशु, दुहुना तथा गर्भिणी पशु र गाई भन्ने बुझ्नुपर्छ।

३. <u>उद्देश्य:</u>

यो कार्यविधिको निम्नअनुसार उद्देश्य रहनेछन्।

३.१ उपभोक्ताहरूलाई स्वच्छ, स्वस्थ्य र गुणस्तर प्रमाणित मासु तथा मासुजन्य पदार्थहरू उपलब्ध गराउन सहयोग गर्ने।

३.२ अस्वस्थ्य र वधका लागि अनुपयुक्त पशु वध निरुत्साहित गर्ने।

३.३ मासु तथा मासुजन्य पदार्थको व्यवसाय प्रवर्धन गर्ने।

३.४ सरल, सुलभ र प्रतिस्पर्धी मूल्यमा उपभोक्ताहरूलाई मासु उपलब्ध गराउने।

## परिच्छेद २

४. <u>सहकार्य सम्बन्धी व्यवस्था:</u>

४.१ कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बमोजिम पशु वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम साझेदार संस्थाहरूसँग साझेदारीमा सञ्चालन गर्न गराउन सक्नेछ।

४.२ साझेदारीको हिस्सा रकम बढीमा ७० प्रतिशत सरकारी अनुदान हुनेछ र ३० प्रतिशत आवेदक स्वयमको लगानी हुनेछ।

## परिच्छेद ३

५. <u>प्रस्ताव आह्वान र पेश गर्ने विधि:</u>

५.१ सम्बन्धित कार्यालयले स्वीकृत कार्यक्रम अनुसार ३० दिने सार्वजनिक सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरी साझेदारीमा सञ्चालन हुने वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम सञ्चालनको लागि अनुसूची १ बमोजिम प्रस्ताव आह्वान गर्नेछ। यस्तो सूचना सम्बन्धित कार्यालयको सूचना पाटीमा र कार्यालयको वेवसाइटमा समेत प्रकाशित गर्नुपर्नेछ।

५.२ इच्छुक साझेदारहरूले सूचनामा उल्लेख भए बमोजिमको अवधिभित्र अनुसूची २ बमोजिमको प्रस्ताव, अनुसूची ३ बमोजिमको संक्षिप्त व्यवसायिक कार्य योजना, अनुसूची ४ बमोजिमको लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र, अनुसूची ५ बमोजिमको सम्बन्धित निकायको सिफारिस र अनुसूची ६ बमोजिम निवेदन सहित निर्धारित समयभित्र सम्बन्धित कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ।

५.३ दफा ५ को उपदफा (२) मा उल्लेखित "सम्बन्धित निकायको सिफारिस" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको प्रस्ताव आह्वानमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रस्ताव आह्वानमा सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस बुझ्नु पर्नेछ।

५.४ रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश गरिने छैन।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

सचिव

६. <u>प्रस्ताव छनौटः</u>

६.१ दफा ५ बमोजिम पेश हुन आएका प्रस्तावहरू छनौट अनुसूची १० बमोजिमको छनौट समितिले उपयुक्त प्रस्ताव अनुसूची ७ बमोजिम निर्धारित मापदण्डका आधारमा उपयुक्त प्रस्ताव छनौट गरी पेश गर्नेछ।

६.२ प्रस्ताव छनौट समितिले अनुसूची ७ बमोजिमको निर्धारित मापदण्डका आधारमा प्रस्तावहरूको मूल्याङ्कन र प्राथमिकताक्रम निर्धारण गर्नेछ।

६.३ प्रस्ताव उपर जाँचबुझ गर्नप्रस्ताव छनौट कार्यदलद्वारा स्थलगत अनुगमन गर्नु पर्नेछ र पछिल्लो ३ वर्षभित्र योजनाको अनुदान लिएका निवेदकलाई छनौट गरिने छैन।

६.४ यसरी छनौट हुन सफल भएका आवेदकसँग १५ दिनभित्र द्विपक्षीय सम्झौता सम्पन्न गरिनेछ।

७. <u>द्विपक्षीय सम्झौताः</u>

७.१ सम्बन्धित कार्यालयले दफा ६ बमोजिम छनौट भएका आवेदकहरूसँग सहकार्यमा वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहसँग समन्वय गरी अनुसूची ९ बमोजिमको द्विपक्षीय सम्झौता गर्नेछ।

७.२ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको तर्फबाट सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले समेत प्रथम पक्षको आधिकारिक प्रतिनिधिको रूपमा सम्बन्धित साझेदारसँग द्विपक्षीय सम्झौता गर्न सक्नेछ।

७.३ द्विपक्षीय सम्झौतामा उल्लेखित बुँदाहरूलाई साझेदारी कार्यक्रम सञ्चालनको मूल आधार मानिने छ।

८. <u>पशु वधशाला निर्माण/सुधार कार्यक्रम सञ्चालन प्रक्रियाः</u>

८.१ कार्यालयले पशु वधशाला निर्माण वा सुधार वा दुवै सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आह्वान, छनौट, सम्झौता र भुक्तानीका प्रक्रियाहरू अवलम्बन गरिनेछ ।

८.२ प्रचलित नियम कानुन बमोजिम पशु वधशाला निर्माण, सञ्चालन र नियमनमा स्थानीय तहको अहम भूमिका र दायित्व रहने भएकाले पशु वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहलाई प्राथमिकता प्रदान गरिनेछ ।

८.३ पशु वधशालाको भौतिक संरचनाको मूल स्वरूप अनुसूची ११ बमोजिमको हुनु पर्नेछ तर स्थान विशेषको आवश्यकता अनुसार सम्बन्धित विषय विशेषज्ञको परामर्श लिई गरिएको सामान्य परिमार्जन सहितको पशु वधशाला निर्माण/सुधारमा लागत साझेदारी गर्न बाधा पर्ने छैन।

८.४ पशु वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछ।

- पशु वधशाला भवन निर्माण र सुधार गर्न।
- पशु वधशालामा प्रयोग हुने औजार उपकरणहरू जस्तै ह्याङ्गर, हुक, ट्रली, रेल, डिबोनर, स्क्याल्डर, डिफिदर, टेवल, स्टनिङ डिभाइस, प्याकेजिङ मेशिन, चक्कु, चपर, बोन स, डिप फ्रिज तथा नाश भएर नजाने अन्य औजार उपकरणहरू खरिद गर्न।
- वायो ग्याँस प्लान्ट, रेण्डरिङ्ग प्लान्ट तथा शौचालय निर्माण/सुधार गर्न।
- बिजुली बत्ती, ढल निकास, ओभरहेड ट्यांकी, पाइप फिटिङ्ग, बाटर सेनिटाइजर, वेष्ट डिस्पोजल र पानी

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

- बिजुली बत्ती, ढल निकास, ओभरहेड ट्यांकी, पाइप फिटिङ्ग, बाटर सेनिटाइजर, वेष्ट डिस्पोजल र पानी तान्ने मेसिनजडान आदि।
- वधशालाको भुईँमा र भित्तामा (कम्तीमा ६ फिट उचाइसम्म) सेतो टायल लगाउन।
- कीरा र झिङ्गा नपस्ने व्यवस्था र अन्य सुरक्षाका विधि अवलम्बन गर्न।
- बजार लक्षित पशु वधशाला निर्माण कार्यक्रम अन्तर्गत मासु चिस्यान घर निर्माण र मासु ढुवानीका लागि रेफ्रिजिरेटेड भ्यान खरिद गर्न।

८.५ पशु वधशाला निर्माण/सुधारमा साझेदारी गर्नको लागि निम्न लिखित पूर्व सर्तहरू पूरा भएको हुनुपर्नेछ।

- अनलोडिंग प्लेटफर्म, होल्डिङ् यार्ड, लाइरेज, स्टनिङ्, ब्लिडिङ्, स्किनिङ्, डिबोनिङ्, चपिङ्, फ्रिजिङ्, प्याकेजिङ्, डिस्प्याच, अफिस र सेकुरिटीका लागि पर्याप्त ठाउँ ।
- स्वच्छ एवम् यथेष्ट पिउने पानीको स्रोत।
- ढल निकास तथा फोहर मैला व्यवस्थापनका लागि लागि पर्याप्त ठाउँ र जग्गाको उपलब्धता ।
- बाटो, बिजुली र बजारको सुविधा।
- नयाँ स्थापना हुने वधशालाको हकमा कम्तीमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङकन (EIA) को स्वीकृत कार्यसूची (TOR), पुरानाको हकमा IEE वा EIA को स्वीकृत प्रतिवेदन र वधस्थलको हकमा स्थानीय तहको सिफारिस सरजमिन मुचुल्का।
- सम्बन्धित साझेदारले स्वस्थकर मासु उत्पादन विधि परिपालना गर्न मन्जुर भएको ।

८.६ पशु वधशाला निर्माण/सुधार गर्न साझेदार निकायसँग आफ्नै स्वामित्वको कम्तीमा १५ रोपनी जग्गा हुनुपर्नेछ वा लिजमा लिएको जग्गाको हकमा कम्तीमा १० वर्षको करारनामा वा सम्झौता पत्र हुनु पर्नेछ र उक्त स्थान महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाको सहरी क्षेत्रभन्दा बाहिर अवस्थित रहनु पर्नेछ।

८.७ अनुदान कार्यक्रम अन्तर्गत निर्मित पशु वधशाला स्थित जग्गा सोही कार्य निरन्तरता सहित १० वर्षको लागि विक्री रोक्का गर्नुपर्नेछ।

८.८ चिस्यान घर र मासु ढुवानीको लागि रेफ्रिजिरेटेड भ्यानको व्यवस्था भएको हुनु पर्नेछ।

८.९ पशु वधशाला निर्माण वा सुधार वा दुवै सम्बन्धी अन्य कुराहरू सङ्घीय सरकारद्वारा निर्माण गरिएको पशु वधशाला तथा मासु जाँच ऐन २०५५, नियमावली २०५७ र प्राविधिक निर्देशिका २०६४ बमोजिम गर्न सकिनेछ।

८.१० पशु वधशाला निर्माण वा सुधार वा दुवै सम्बन्धी कार्य परम्परागत रूपले व्यवसाय गर्दै आएका पेशागत जातिलाई प्राथमिकता दिइनेछ।

८.११ साझेदारीमा वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम सम्पन्न गर्न बहुवर्षीय योजना स्वीकृत गराइ प्रत्येक वर्ष थप बजेट स्वीकृत गरी सम्पन्न गर्न सकिनेछ । वा पहिलो वर्ष सम्झौता गर्ने र अन्य वर्षमा कार्य सम्पन्न गर्न सकिनेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

सचिव

९. <u>भुक्तानी प्रक्रियाः</u>

९.१ वधशाला निर्माण भएको आधारमा बढीमा ३ किस्तामा (रनिङ बिलका आधारमा २ किस्ता र कार्य सम्पादन प्रतिवेदनका आधारमा अन्तिम किस्ता) भुक्तानी व्यवस्था मिलाइनेछ। भुक्तानीका लागि IEE वा EIA को प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

९.२ कार्यालयले सम्बन्धित पुँजीगत खर्च शीर्षकबाट साझेदारी रकम उपलब्ध गराउँदा "सहकार्यमा पशु वधशाला सञ्चालन कार्यक्रम" को विनियोजित बजेटको ३ प्रतिशत बराबरको रकम कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ।

९.३ भुक्तानी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद ४

१०. <u>अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u>

यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानीय तहको पशु सेवा शाखाहरूले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित प्रादेशिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा पठाउनु पर्नेछ। मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धिहरू विज्ञ केन्द्र निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

११. <u>लेखा परीक्षण :</u>

कार्यक्रमको लेखा/लेखाङ्कन, लेखापरीक्षण तथा आर्थिक कारोवार गर्दा प्रचलित कानुन बमोजिम गरिनेछ।

१२. <u>संशोधनः</u>

१२.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।

१२.२ यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा, अवरोध र अस्पष्टता आएमा अन्तिम निर्णय मन्त्रालयको हुनेछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव

# अनुसूची १

दफा ५, उपदफा (१) सम्बन्धित

प्रस्ताव आह्वानको सूचना

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र/स्थानीय तह

पोखरा/........../.........

प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०.../........../.........

यस मन्त्रालय/ निर्देशनालय/ विज्ञ केन्द्र / स्थानीय तहको आ.व.२०.../........../.........को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरू सहकार्यमा पशु वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ बमोजिम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक जिल्ला समन्वय समिति महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका, सहकारी संस्था, व्यवसायिक सङ्ग सङ्गठन, फर्म, कम्पनी, निजी उद्यमी, व्यवसायी, कृषक समूह समितिहरूले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स. | कार्यक्रमहरू | सङ्ख्या | कुल अनुदान रकम रु. |
|---|---|---|---|
| १ | सहकार्यमा पशु वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम | | |

नोट: अनुदान रकमको ३ प्रतिशत कन्टिन्जेन्सी वापत कट्टा गरिनेछ।

**प्रस्ताव पत्रका साथ सम्मिलित हुनुपर्ने कागजातहरू:**

१. सहकार्यको लागि रु १० को हुलाक टिकट टाँस गरेको निवेदन।

२. आवेदकको नेपाली नागरिकताको प्रतिलिपि।

३. सम्वन्धित कार्यालयले तोकेको ढाँचामा तयार गरिएको अनुसूची २ अनुसारको प्राविधिक र अनुसूची ३ अनुसारको आर्थिक प्रस्ताव तथा संक्षिप्त व्यवसायिक कार्ययोजना समेत।

४. मन्त्रालय र पशुपन्छी मत्स्य विकास निर्देशनालयको प्रस्ताव आह्वान सम्वन्धित भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्रको सिफारिस, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रस्ताव आह्वानमा स्थानीय तह र पशु सेवा शाखाको सिफारिस पत्र र स्थानीय तहको प्रस्ताव आह्वानमा सम्वन्धित पशु सेवा केन्द्र र वडाको सिफारिस।

सचिव

५. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि।

६. लिजमा लिएको जग्गाको हकमा कम्तीमा १० वर्षको करारनामा वा सम्झौता पत्र।

७. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण गरेको प्रतिलिपि।

८. सहकारी संस्था/व्यवसायिक संस्था/फर्म/कम्पनी/कृषक समूह/समितिको हकमा मूल्य अभिवृद्धी कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र कार्य समितिको निर्णय।

९. कार्यक्रम कार्यान्वयन वर्ष अघिको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाको प्रतिलिपि।

१०. प्रस्तावकले कम्तीमा ३० प्रतिशत लागत साझेदारी गर्ने र अन्य निकायबाट अनुदान लिए/नलिएको प्रतिवद्धता पत्र।

११. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान।

१२. सम्वन्धित विषयको तालिमको प्रमाणपत्रको प्रतिलिपि।

१३. प्रस्तावकको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात, बैङ्क ग्यारेन्टी, टर्न ओभर, बैङ्क ब्यालेन्स आदि।

प्रस्ताव र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधिहरू यस मन्त्रालयको वेवसाईट www.molac.p4.gov.np बाट डाउनलोड गर्न सकिनेछ। अन्य थप जानकारीका लागि फोन नं. ०६१-४६३०८० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव

## अनुसूची २

दफा [illegible] उपदफा २ सँग सम्बन्धित

## प्रस्तावको नमुना

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

### सहकार्यमा पशु वधशाला निर्माण वा सुधार वा दुवै कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव

#### क) प्राविधिक प्रस्ताव

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थान | |
| ३ | आवेदक संस्थाको नाम | |
| ४ | ठेगाना | |
| ५ | सम्पर्क व्यक्तिको टेलिफोन नं/मोबाइल नं. | |
| ६ | आवेदक संस्था/फार्म/कम्पनी/उद्योग/व्यवसायको दर्ता नम्वर | |
| ७ | दर्ता भएको कार्यालय र मिति | |
| ८ | आवेदक संस्था/ फार्म/कम्पनी/उद्योग/व्यवसायको उमेर (दर्ता वा स्थापना पश्चातको अवधि वर्षमा) | |
| ९ | भ्याट/प्यान दर्ता नम्बर | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| ११ | प्रस्तावकले आफ्नै स्रोतबाट व्यहोर्ने रकम रु. | |
| १२ | सम्बन्धित कार्यालयसँग माग गरेको रकम रु. | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| १३.१ | | |
| १३.२ | | |
| १३.३ | | |
| १३.४ | | |
| १४ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरू | |

| | | | | |
|---|---|---|---|---|
| १४.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १४.२ | कस्तो सडक छ (कच्ची/पक्की) | | बजार सम्मको दुरी (कि. मी.) | |
| १४.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि. मी.) | |
| १४.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिज) | |

१४.५ आफ्नै स्वामित्वको भवन, मेसिनरी, सवारी साधन र यन्त्र उपकरणको किसिम र सङ्ख्या उल्लेख गर्ने

| क्र.स. | विवरण | सङ्ख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको सङ्ख्या | | | | |
| १६ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको सङ्ख्या) | महिला | दलित | जनजाति | अन्य |
| | | | | | |

सचिव

| | |
|---|---|
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरूको विवरण |
| १७.१ | |
| १७.२ | |
| १७.३ | |
| १८ | क्रियाकलाप कार्यान्वयन योजना |

| क्र.स. | क्रियाकलाप | मार्ग | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | |
|---|---|
| १९ | कार्यक्रमको समाप्ति पश्चात अपेक्षित उपलब्धिहरू (बुँदागत रूपमा सम्भव भए परिणाम समेत खुलाउने ) |
| १९.१ | |
| १९.२ | |
| १९.३ | |
| २० | प्रस्तावित कार्यक्रममा अन्य निकायहरू समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने |

| क.स. | सहकार्य गर्ने अन्य निकायहरूको नाम | सहकार्य रकम रु. |
|---|---|---|
| | | |
| | | |
| | | |

| | |
|---|---|
| २१ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका उल्लेखनीय कार्यहरू (प्रस्तावित कार्यक्रमसँग मेल खाने मात्र) |
| २१.१ | |
| २१.२ | |
| २१.३ | |
| २२ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी (रु) |
| २३ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| २३.१ | |
| २३.२ | |
| २३.३ | |
| २४ | आवेदकसँग विद्यमान जनशक्तिको विवरण |

| क.स. | जनशक्तिको विवरण | दक्षता (शैक्षिक योग्यता/तालिम) | सङ्ख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| | |
|---|---|
| २५ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर |
| २५.१ | |
| २५.२ | |
| २५.३ | |
| २६ | जनशक्तिको विवरण वातावरणीय असर न्यूनीकरणका लागि अपनाइने उपाय |
| २६.१ | |
| २६.२ | |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

| | |
|---|---|
| २६.३ | |
| २७ | प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी (सङ्ख्या) |

ख) आर्थिक प्रस्तावः

प्राविधिक प्रस्तावमा उल्लेखित क्रियाकलापहरूको लागत अनुमान र सहकार्यको विस्तृत विवरण

| क.स. | मुख्य क्रियाकलापहरू | एकाइ | परिमाण | प्रति एकाइ दर (रु.) | कुल लागत रकम (रु.) | प्रस्तावकको योगदान (रु.) | सम्बन्धितकार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु.) | प्रस्तावकले व्यहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| जम्मा (रु.) | | | | | | | | |
| भ्याट (रु.) | | | | | | | | |
| कुलजम्मा (रु.) | | | | | | | | |

माथि उल्लेखित विवरणहरू सही रूपमा पेश गरेको छु, कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउंदछु/छौं

प्रस्तावित स्थानीय निकाय/सहकारी संस्था/व्यवसायिक संस्था/फर्म/कम्पनी/उद्यमीको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| कार्यालय/संस्था/फर्मको छाप | |

नोटः आवश्यकता अनुसार लाइनहरू थप्न वा पेज सेटअप मिलाउन सकिनेछ ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

अनुसूची ३

दफा ... २ सँग सम्बन्धित

## संक्षिप्त व्यवसायिक कार्ययोजनाको नमुना

### सहकार्यमा पशु वधशाला निर्माण वा सुधार कार्यक्रम सञ्चालन सम्बन्धी संक्षिप्त व्यवसायिक कार्ययोजना

| | व्यवसायिक कार्ययोजना |
|---|---|
| १ | पृष्ठभूमि |
| | प्रस्तावित कार्यक्रम/व्यवसाय सुरु गर्नु पर्नाको कारण र समग्र परिस्थित बारे उल्लेख गर्ने । |
| २ | व्यवसायको छोटो चिनारी |
| | विद्यमान भौतिक तथा अन्य पूर्वाधारहरू |
| ३ | प्रस्तावित कार्यक्रम/ व्यवसाय सम्पन्न गर्नका लागि आवेदकसँग विद्यमान भौतिक, वित्तीय र प्राविधिक क्षमता वर्णन गर्ने |
| ४ | दीर्घकालीन सोच, उद्देश्य र महत्व |
| ५ | व्यवसाय सञ्चालनबाट हासिल हुने प्रत्यक्ष र अप्रत्यक्ष लाभ उल्लेख गर्ने (स्थानीय तह तथा राष्ट्रिय तहमा) |
| ६ | कार्यक्रम/व्यवसायको सम्भाव्यता विश्लेषण |
| ७ | वातावरणीय प्रभाव विश्लेषण |
| ८ | प्रस्तावित कार्यक्रम/व्यवसायले वातावरणमा पार्ने सकारात्मक वा नकारात्मक प्रभावहरूको आँकलन गरी नकारात्मक प्रभाव न्यूनीकरणका लागि के कस्ता उपायहरू अवलम्बन गरिने छ भन्ने उल्लेख गर्ने। |
| | प्रस्तावित लाभग्राही विश्लेषण |

| | |
|---|---|
| ९. | लागत लाभ विश्लेषण |
| | पूर्वानुमानहरूको आधारमा लागत लाभ विश्लेषण गरिएको छ भन्ने कुरा उल्लेख गरी निम्न तालिका बमोजिम आम्दानी खर्चको अनुमान लगाउने। |

| | विवरण | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| क | पुँजीगत खर्च | | | | | |
| | भौतिक निर्माण | | | | | |
| | मेसिनरी/उपकरण | | | | | |
| | कुल पुँजीगत खर्च | | | | | |
| ख | चालु खर्च | | | | | |
| | उत्पादन लागत | | | | | |
| | कर्मचारीलाई तलब भुक्तानी | | | | | |
| | श्रमिक ज्याला भुक्तानी | | | | | |
| | भाडा,पानी,बिजुली खर्च | | | | | |
| | मर्मत सम्भार खर्च | | | | | |
| | बिक्री वितरण खर्च | | | | | |
| | ब्याज भुक्तानी | | | | | |
| | कुल चालु खर्च | | | | | |
| ग | जम्मा खर्च | | | | | |

सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ | व्याज रहित अनुदान | | | | | |
| ङ | आफ्नै आयबाट व्यहोरिने काम | | | | | |
| च | व्याज तिर्नुपर्ने रकम | | | | | |
| छ | आम्दानी | | | | | |
| | मुख्य उत्पादन विक्री | | | | | |
| | सहायक उत्पादन विक्री | | | | | |
| | कुल आम्दानी | | | | | |
| ज | खुद मुनाफा | | | | | |
| | | | | | | |
| झ | साँवा भुक्तानी | | | | | |
| | | | | | | |

| व्यवसायिक कार्ययोजना पेश गर्नेको |
|---|
| नामः |
| ठेगानाः |
| हस्ताक्षरः |
| पदः |
| संस्थाको छाप |

सचिव

## अनुसूची ४

दफा ५. उपदफा २ सँग सम्बन्धित

## लागत साझेदारी गर्ने प्रतिबद्धतापत्र

श्री ....................................... कार्यालयको मिति ......................... को ................ मा प्रकाशित सूचना अनुसार ............................ मनपा ⁄उपमनपा⁄न.पा⁄गा.पा ........ वार्ड नं. ...................... गाउँ⁄टोल बस्ने श्री ...................................ले लागत साझेदारीमा .................................... कार्यक्रम सञ्चालनका लागिपेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु .................. को ....... प्रतिशतले हुन आउने रु ................. अक्षरुपी ........................... वरावरको लगानी आफ्नो आन्तरिक स्रोतवाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखत

नामः

फार्मको नामः

मितिः

सङ्गसस्थाको नामः

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

# अनुसूची ५

दफा ५, उपदफा २ सँग सम्बन्धित

## सम्बन्धित निकायको सिफारिस पत्र

श्री ................................ कार्यालयको मिति ................................ को ........................ मा प्रकाशित सूचना अनुसार ................................... म.न.पा./न.पा./गा.पा. .......... वार्ड नं. ................ गाउँ/टोल वस्ने श्री ................................... ले लागत साझेदारीमा .................................... कार्यक्रम सञ्चालनका लागि पेश गरेको विवरण सही रहेको र निज उक्त कार्यक्रम सञ्चालनका लागिउपयुक्त भएकाले निजको प्रस्ताव छनौट प्रक्रियामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध गर्दछु ।

सिफारिस गर्नेको

दस्तखत:

नाम:

मिति:

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

सचिव

# अनुसूची ६

दफा ५, उपदफा २ सँग सम्बन्धित

## निवेदनको ढाँचा

श्री ..................................

.........................................

विषयः प्रस्ताव पेश गरिएको बारे ।

तहाँ कार्यालयको मिति........................... को .................. मा प्रकाशित सूचना अनुसार म निवेदकले तपसिल वमोजिमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको दस्तखतः

मितिः

तपसिल

प्रस्तावकको नाम र थरः

स्थायी ठेगानाः

प्रस्तावित कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन हुने स्थानको पूरा ठेगानाः

संलग्न कागजातको सूचीः

| क्र.स. | कागजातको विवरण | संलग्न सङ्ख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

## अनुसूची ७

दफा ६, उपदफा २ सँग सम्बन्धित

# प्रस्ताव मूल्याङ्कन फारम

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | भार प्रतिशत | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | आवदेक | | |
| १.१ | संस्था सञ्चालन अवधि (व्यक्तिको हकमा सम्बन्धित कामको अनुभव) | १० | |
| १.२ | ३ वर्षभन्दा घटी | २ | |
| १.३ | ३ देखि ५ वर्षसम्म | ४ | |
| १.४ | ६ देखि ८ वर्ष | ६ | |
| १.५ | ९ देखि ११ वर्ष | ८ | |
| १.६ | १२ वर्ष भन्दा बढी | १० | |
| २. | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | २० | |
| २.१ | सडक सुविधा भएको | ३ | |
| २.२ | विजुलीको सुविधा भएको | २ | |
| २.३ | खानेपानीको सुविधा भएको | ५ | |
| २.४ | आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | १० | |
| ३. | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरूको योग्यता)** | ४ | |
| ३.१ | तालिम लिए नलिएको | ४ | |
| ४. | **वित्तीयक्षमता** | १० | |
| ४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | ५ | |
| ४.२ | अन्य निकायवाट पनि साझेदारी हुने प्रतिवद्धता भएको | ५ | |
| ५. | **प्रत्यक्ष लाभान्वित घर परिवार सङ्ख्या** | ५ | |
| ५.१ | महानगरपालिका | ५ | |
| ५.२ | नगरपालिका | ४ | |
| ५.३ | गाउँपालिका | ३ | |
| ६. | **वातावरणीय उपयुक्तता** | | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आँकलन गरिएको | ३ | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

सचिव

| | | | |
|---|---|---|---|
| ६.२ | वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू सामेल गरिएको | ३ | |
| ७. | **अन्य पक्षहरू** | २० | |
| ७.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यकम बीच तालमेल रहेको | १० | |
| ७.२ | प्रस्तावित कार्यक्रम सञ्चालन स्थलको उपयुक्तता | ५ | |
| ७.३ | प्रमुख सञ्चालकको उमेर (४५ वर्ष वा कम उमेरको लागि पूर्णाङ्क, ४६ देखि ५५ को लागि लागि ३ अङ्क ५६ देखि ६५ को लागि१ अङ्क र सो भन्दा वढीलाई शुन्य अङ्क | ५ | |
| ७.४ | भइरहेको व्यवसाय नभई लगानी गर्न खोजिएको नयाँ व्यवसाय | ५ | |
| ८. | **स्वीकृत कार्यविधि अनुसारका थप मापदण्डहरू** | २५ | |
| ८.१ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | १५ | |
| ८.१.१ | प्राविधिक प्रस्ताव गुणस्तर | ५ | |
| ८.१.२ | आर्थिक प्रस्ताव गुणस्तर | ५ | |
| ८.२ | व्यवसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.३ | मन्त्रालय वा निर्देशनालयको फर्म्याट | ३ | |
| ८.४ | मुनाफा र समविन्दुको आधारमा उपयुक्तता र दिगोपन | ५ | |
| ८.५ | स्थलगत प्रमाणीकरण | ५ | |
| ८.६ | सम्वन्धित स्थानीय पशु सेवा कार्यालयको सिफारिस | १ | |
| ८.७ | स्थानीय तहको सिफारिस | १ | |
| ८.८ | स्थानीय वासिन्दाबाट विरोध नहुने प्रतिवद्धता | १ | |
| ८.९ | लेखापरीक्षण प्रतिवेदन | १ | |
| ८.१० | आधिकारिक निकायमा दर्ता नवीकरण | १ | |
| | जम्मा | १०० | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव

# अनुसूची ८

दफा ५, उपदफा ३ सँग सम्बन्धित

## स्थलगत प्रमाणीकरण मूल्याङ्कन फारम

क) सामान्य जानकारी

१. जिल्लाः

२. आवेदकको नामः

३. कार्यक्रम सञ्चालन स्थलः

४. प्रस्तावित कार्यक्रमको नामः

५. स्थलगत प्रमाणीकरण मितिः

६. स्थलगत प्रमाणीकरणमा संलग्न पदाधिकारीको विवरण

| क.स. | नाम | पद |
|---|---|---|
| | | |
| | | |
| | | |

ख) आवेदकको मुल्याङ्कन

| क.स. | विवरण | प्रमाणीकरणमा भेटिएको अवस्था र भार | प्रासाङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | ५ | |
| १.२ | प्रस्तावित कार्यक्रम सञ्चालन गर्न पर्याप्त जग्गा छ/छैन | ५ | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुनसक्ने सम्भावना छ/छैन | ५ | |
| १.४ | बाढी पहिरोले क्षति पुर्याउन सक्ने सम्भावना छ/छैन | ५ | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, बिजुलीको सुविधा छ/छैन | ५ | |
| १.६ | भौगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन | ५ | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

| | | | |
|---|---|---|---|
| | गर्न उपयुक्त छ/छैन | | |
| २ | **प्राविधिक क्षमता** | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसँग मेल खाने क्रियाकलापमा हाल संलग्नता छ/छैन | ५ | |
| २.२ | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुनसक्ने अवस्था छ/छैन | ५ | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | ५ | |
| ३ | **वित्तीय क्षमता** | १५ | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | ५ | |
| ३.२ | वैङ्क मौजदात वा हाल संचालित कारोवारको बचत छ/छैन | ५ | |
| ३.३ | आवश्यकरकम वित्तीय संस्थाबाट ऋणप्राप्त गर्न सक्ने अवस्था छ/छैन | ५ | |
| ४ | **वातावरणीय उपयुक्तता** | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानीय बासिन्दाबाट विरोध हुनसक्ने अवस्था छ/छैन | ५ | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातवरणमा नकारात्मक असर पुग्नसक्ने अवस्था छ/छैन | ५ | |
| ५ | **अन्य पक्षहरू** | २० | |
| ५.१ | संस्थागत व्यवसायिक क्रियाशीलता सन्तोषजनक छ/छैन | ५ | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | ५ | |
| ५.३ | आवश्यक  कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारीकरण हुन सक्ने अवस्था छ/छैन | ५ | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव

| | | | |
|---|---|---|---|
| ६ | **स्थलगत प्रमाणीकरण टोलीको राय** | १० | |
| ६.१ | आवेदकसँग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | १० | |
| जम्मा | | १०० | |

नोटः माथि उल्लेखित प्रत्येक बुँदाको स्थलगत प्रमाणीकरणमा सकारात्मक अवस्था भेटिए ५ अङ्कदेखि र नकारात्मक अवस्था भेटिए ० अङ्क सम्म प्रदान गर्ने । उत्तीर्ण हुनका लागि न्यूनतम ४० अङ्क प्राप्त गर्नु पर्नेछ । स्थलगत प्रमाणीकरणमा प्राप्त अङ्कले प्रस्ताव मुल्यांकनमा प्राप्त अङ्क र वरियताक्रममा भिन्नता पार्ने छैन तर निर्णायक प्रभाव पार्न सक्नेछ ।

**ग) आवेदकसँग विद्यमान भवन, सवारी साधन, ठुला मेसिनरी र उपकरणहरूको विवरणः**

| क.स. | विवरण | सङ्ख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**घ) स्थलगत प्रमाणीकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने**

१.
२.
३.
४.
५.

**ङ) स्थलगत प्रमाणीकरण टोलीको राय**

स्थलगत प्रमाणीकरणमा भेटिएका तथ्यहरूको आधारमा आवेदकसँग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| क. स. | नाम | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## अनुसूची ९

दफा ७, उपदफा १ सँग सम्बन्धित

## पुँजीगत अनुदानबाट सञ्चालन गरिने कार्यक्रमको द्विपक्षीय सम्झौता पत्र

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ...................... कार्यालयको आर्थिक वर्ष ....................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा.......................... कार्यक्रम सञ्चालन गर्ने श्री ......................................... कार्यालय, (यसपछि प्रथम पक्ष भनिने) र श्री ..........................(यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका सर्तहरू परिपालना गर्ने गरी द्विपक्षीय सम्झौता गरिदियौं लियौं।

तपसिल

१.प्रथम पक्षले......................कार्यक्रमको लागि विनियोजित रु........... मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी बापतको रु............कट्टा गरी दोस्रो पक्षलाई रु..............(अक्षरुपी.............) बराबरको आर्थिक अनुदान सामग्री सहयोग प्रदान गर्नेछ।

२.दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी.................जिल्ला ............... म.न.पा./न.पा./गा.पा. ......... नं. वडाको ................. भन्ने स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ।

३.दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव मुताविकको डिजाइन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरू उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र सम्पन्न गर्नेछ।

४.कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाइन, इष्टिमेट, सुपरभिजन, रनिङ् बिल, अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सबै प्राविधिक कार्यहरू तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ।

५.दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोस्रो पक्षको वैङ्क खातामा एकमुष्ठ भुक्तानी दिनेछ। वा

६.नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग बिल तथा कार्यसम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई बराबर किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान र कामको भुक्तानी वैङ्क खाता मार्फत गर्नेछ।

७. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्यभए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रूपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान र कम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ।

९. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरू तथा अप्रत्याशित रूपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

१०. दोस्रो पक्षले नियमित रूपमा (कम्तीमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धि एवम् कारोवार सम्बन्धी विवरणहरू सम्बन्धित स्थानीय तह मार्फत प्रथम पक्षलाई अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

११. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नुपरेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१३.द्विपक्षीय सम्झौता मुताविकको काम नभई रकम दुरुपयोग हुनसक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एकपक्षीय रूपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

१४. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाइन, एस्टिमेट र दर भाउ मेसिनरी, उपकरण र अन्य सामानहरू खरिद गर्नुपूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरू उच्च गुणस्तरका राखी निर्धारित समयभित्र सम्मन्न गर्नेछ। यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुनेछैन।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |
| रोहवर | |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

इति संवत ........... साल ............. महिना ......... गते रोज ........ शुभम्।

नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक वुँदाहरू पनि थप गर्न सकिनेछ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

## अनुसूची १०
### दफा ६, उपदफा १ सँग सम्बन्धित

छनौट समितिः

क) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले आह्वान गरेको प्रस्ताव छनौट समिति निम्नानुसारको हुनेछ ।

| | | |
|---|---|---|
| १। कार्यालय प्रमुख | १ जना | संयोजक |
| २। सम्वन्धित कार्यालयको अधिकृत | १ जना | सदस्य |
| ३। सम्वन्धित स्थानीय तहको पशु सेवा शाखाको प्रतिनिधि | १ जना | सदस्य |
| ४। निर्देशनालयको अधिकृत प्रतिनिधि | १ जना | सदस्य |
| ५। कार्यक्रम हेर्ने फोकल अधिकृत | १ जना | सदस्य सचिव |

ख) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले आह्वान गरेको प्रस्ताव छनौट कार्यदल निम्नानुसारको हुनेछ।

| | | |
|---|---|---|
| १। निर्देशक | १ जना | संयोजक |
| २। मत्स्य विकास शाखा प्रमुख | १ जना | सदस्य |
| ३। पशु स्वास्थ्य नियमन शाखा प्रमुख | १ जना | सदस्य |
| ४। मन्त्रालयको अधिकृत प्रतिनिधि | १ जना | सदस्य |
| ५। पशुपन्छी उत्पादन तथा बजार प्रवर्धन शाखा प्रमुख | १ जना | सदस्य |


ग) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आह्वान गरेको प्रस्ताव छनौट कार्यदल निम्नानुसारको हुने छ।

| | | |
|---|---|---|
| १। मन्त्रालयको सचिव | १ जना | संयोजक |
| २। पशुपन्छी विकास महाशाखा प्रमुख | १ जना | सदस्य सचिव |
| ३। पशुपन्छी व्यवसाय प्रवर्धन शाखा प्रमुख | १ जना | सदस्य |
| ४। योजना तथा अनुगमन महाशाखाको प्रमुख | १ जना | सदस्य |
| ५। पशुपन्छी विकास महाशाखाको अधिकृत | १ जना | सदस्य |
| ६।मन्त्रालयको खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्धन महाशाखा प्रमुख | १ जना | सदस्य |
| ७। मन्त्रालयको सहकारी महाशाखा प्रमुख | १ जना | सदस्य |

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

## अनुसूची ११
## दफा ८ उपदफा ३ सँग सम्बन्धित
## पशु वधशालाको स्वरूप

### वधशालाको स्वरुप




भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

सचिव